'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

*Namaste Karnali National Daily* राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ५६ | बुधवार ०७ कार्तिक, २०८१ | *23 (Wednesday) October 2024* | पृष्ठ ४, | मूल्य रु : १०/-

## स्वास्थ्यको टिठ लाग्दो अवस्था

# कर्णाली प्रदेशका ७९ स्थानीय तह मध्य ४८ मा आधारभूत अस्पताल समेत छैनन्

नमस्ते समचारदाता

जुम्ला, कार्तिक/०६




नेपाल सरकारले स्वास्थ्य सेवालाई नागरिकको आधारभूत आवश्यकता भन्दै नागरिकको संवैधानिक हकको रुपमा संविधानमा प्राथमिकता साथ उल्लेख गरेको छ । तर नेपालको संविधान, यस अन्तरगत बन्ने/बनाइने ऐन कानूनहरु सबै कागजमा मात्र सिमित रहन्छन् । जनताले उपभोग गर्ने र उनीहरुले त्यसको आधारमा सेवा पाउने भन्ने विषय त दन्ते कथा जस्तो मात्र हो । नेताहरुलाई सानो केही समस्या पर्दा वा रोग लाग्दा राज्यको ढुकुटीबाट विदेशको सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न पाउने सुविधा भए पछि उनीहरुले नेपालमा अस्पताल बनाउने विषयमा किन ध्यान दिनु पर्‍यो र ? जनताको आँखामा छारो हाल्न संघिय सरकारले २०७६ साल देखि नै "एक स्थानीय तह एक आधारभूत अस्पताल" को नारा लगाउन थालेको हो । संघिय सरकारको त्यो नारा अहिले सम्म पनि सबै स्थानीय तहहरुमा कार्यान्वयन भएको पाइदैन । कर्णाली प्रदेशका ७९ स्थानीय तह मध्य ४८ स्थानीय तहमा अझै सम्म आधारभूत अस्पताल बन्न सकेका छैनन । स्वास्थ्य सेवा निर्देशनालयका अनुसार कर्णाली प्रदेशका १० जिल्लाका ३१ स्थानीय तहमा मात्र हाल सम्म आधारभूत अस्पताल सञ्चालनमा छन् । भौगोलिक विकटताका कारण कर्णालीमा अझै सबै स्थानीय तहमा आधारभूत अस्पताल निर्माण हुन नसकेको स्वास्थ्य सेवा निर्देशनायलका सूचना अधिकारी नवराज कँडेलले जानकारी दिएका छन् । जसका कारण सर्वसाधारणले स्वास्थ्य उपचारमा सहज सेवा प्राप्त गर्न सकेका छैनन् । जति बनेका र सञ्चालनमा रहेका छन्, तिनीहरुमा पनि प्रयाप्त दक्ष जनशक्ति र आवश्यक स्वास्थ्य उपकरणहरुको व्यवस्था छैन । दक्ष जनशक्ति र आवश्यक स्वास्थ्य उपकरणहरु बिना त्यहाँका स्थानीय नागरिकहरु स्वास्थ्य सेवा लिन बाट बन्चित छन् । यो समस्या प्रति स्थानीय तहहरु गम्भिर भएको देखिए पनि आर्थिक श्रोतको अभावले नागरिकलाई आवश्यक विशेषज्ञ सेवा दिन नसकेको बताउँछन् । कर्णाली प्रदेशमा २५ नगरपालिका र ५४ गाउँपालिका गरी ७९ स्थानीय तहहरु छन् । आठ स्थानीय तह रहेको डोल्पामा एक सय १५ शैयाको जिल्ला अस्पताल र २३ वटा स्वास्थ्य चौकी छन् । हाल सम्म यहाँका कुनै पनि स्थानीय तहमा आधारभूत अस्पताल निर्माण हुन सकेको छैन । त्यस्तै चार स्थानीय तह रहेको मुगुमा एक जिल्ला अस्पताल छ, भने २४ वटा स्वास्थ्य चौकी छन् । यहाँ रहेका चार स्थानीय तहहरुमा कुनैमा पनि आधारभूत अस्पताल हाल सम्म निर्माण हुनसकेका छैनन् । त्यसै गरी सात स्थानीय तहहरु रहेको हुम्लामा एक जिल्ला अस्पताल छ भने २६ वटा स्वास्थ्य चौकी मात्र छन् । यहाँका कुनै पनि स्थानीय तहहरुमा आधारभूत अस्पताल छैन । आठ स्थानीय तहहरु भएको जुम्लामा सङ्घीय सरकार मातहातको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा छ । यसैबाट स्वास्थ्य उपचार भैरहेको छ । यहाँ जिल्ला अस्पताल समेत छैन भने आधारभूत अस्पताल त झन धेरै परको विषय भयो । २९ वटा स्वास्थ्य चौकीको र एक प्राथमिक स्वास्थ्य केन्द्रका भरमा स्थानीय तहहरुको स्वास्थ्य सेवाबाट नागरिकले सृवा लिइरहेका छन् । त्यस्तै नौ स्थानीय तहहरु भएको कालिकोटमा एक जिल्ला अस्पताल रहेको छ भने नौ स्थानीय तहमध्ये पाँच वटामा प्राथमिक अस्पताल छन् र २७ वटा स्वास्थ्यचौकीहरु छन् । त्यस्तै कर्णाली प्रदेशको राजधानी रहेको सुर्खेत जिल्लामा पाँच नगरपालिका सहित नौ स्थानीय तहहरु छन् ।

बाँकी ३ पेजमा...

## बालिका जबरजस्ती करणी प्रकरण:

# कारबाहीको माग गर्दै राजमार्ग अवरुद्ध



नमस्ते समचारदाता

दाङ, कार्तिक/०६

आठ बर्षिया बालिका जबरजस्ती करणी गरेका व्यक्तिलाई १२ दिन बितिसक्दा पनि प्रहरीले सो व्यक्तिको पहिचान गर्न नसकेको भन्दै पूर्व पश्चिम राजमार्ग अवरुद्ध गरेर विरोध प्रदर्शन गरिएको छ । दाङको भालुबाङमा १२ दिन अघि असोज २४ गते फूलपातीको दिन एक आठ वर्षिय बालिका माथि जबरजस्ती करणी भएको थियो । तर बालिकाले ती व्यक्तिलाई पहिचान गर्न सकिनन् । पीडित पक्षले प्रहरी कार्यालय अगाडि दैनिक जसो धर्ना दिँदै दबाब बढाउँदै आएका छन् । पीडित पक्षले मंगलबार दिउँसो भालुबाङ बजार बन्द गरी भालुबाङ पुल्चोकमा राजमार्ग अवरुद्ध गरेर विरोध प्रदर्शन गरेका थिए । फूलपातीको दिन सशस्त्र प्रहरी क्याम्प नजिक टाँगिएको पिङ्ग खेल्न पुगेकी ८ बर्षिया बालिका करणीमा परेको घटना सार्वजनिक भएपछि इलाका प्रहरी कार्यालय भालुबाङले घटनाको अनुसन्धान अघि बढाएको थियो । पीडित बालिकालाई प्रहरीले संरक्षण गरेर राखेको छ भने ती बालिकासँगै रहेकी अर्की एक १५ बर्षिया बालिकालाई पनि प्रहरीले अनुसन्धानको लागि कार्यालयमा राखेको छ । दुवै बालिकासँग घटनाको बारेमा जानकारी लिने र शंकास्पद व्यक्तिहरूसँग सोधपुछ गरिरहेको प्रहरीले बताएको छ । जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी ईश्वर थापाले भने, 'पीडित बालिका प्रहरीको संरक्षणमा हुनुहुन्छ ।

बाँकी ३ पेजमा...

# सरकारले आफूनिकट भ्रष्टहरुलाई संरक्षण गरिरहेको छ : बाबुराम भट्टराई

नमस्ते समचारदाता

पोखरा, कार्तिक/०६



नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा.बाबुराम भट्टराईले सरकारले आफू निकटका भ्रष्टहरुलाई संरक्षण गरिरहेको आरोप लगाएका छन् । ओम्नी, सहकारी, भुटानी शरणार्थी प्रकरण लगायतका काण्डहरुमा ठूला दलका सबैजसो नेताहरु संलग्न रहे पनि सरकारले अरुलाई तर्साएर आफू निकटका भ्रष्टहरुलाई जोगाउने काम गरेको उनको जिकिर थियो । सोमबारबाट पोखरामा सुरु भएको पार्टीको विधान अधिवेशनमा बोल्दै अध्यक्ष भट्टराईले सबै दलहरु भ्रष्टाचारमा लिप्त रहेकाले उनीहरुलाई समेत छानबिन गर्नका लागि एक छुट्टै संस्थाको आवश्यक रहेको तर्क गरे । राष्ट्रपति, प्रधानमन्त्रीलगायतका व्यक्ति र शक्तिहरुलाई कारबाहीको दायरामा ल्याउने खालको संस्था नबनाई मुलुकमा भ्रष्टचार को अन्त्य र सुशासन कायम नहुने भट्टराईको भनाइ थियो । उनले भ्रष्टाचार नियन्त्रणको कुरा मुखले भनेर मात्रै नहुने पनि दोहोर्‍याए । अध्यक्ष भट्टराईले आफूले प्रधानमन्त्रीको रुपमा मुलुकमा सुशासन कायम गर्न पहल गरेकाले अहिले पनि भ्रष्टाचारको अन्त्यको विषयलाई प्राथमिकताका साथ अघि बढाएको बताए । भट्टराईले अहिले सरकारले केही राम्रो गर्छु भनेर आएको एक जना युवालाई नेपालमा सहकारी डुवाउने रवि लामिछाने मात्रै हो भने जसरी लागिरहेको दाबी गरे । 'सरकारले रविलाई जेल हालेर आफूले सहकारी ठगलाई कारबाही गरेको जस्तो गरेर काँग्रैस एमालेमा रहेको ठगहरुलाई उन्मुक्ती दिन लागेको छ' । तर सरकारले बचतकर्ताहरुको रकम फिर्ता गराउने तर्फ कुनै चासो देखाएको छैन' भट्टराईले बताए ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्ान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.

सम्पर्क : कोहलपुर-११, बाँके

व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट

कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९

FOLLOW US

: namastekarnali2068@gmail.com
: namastekarnali.com

नमस्ते कर्णाली
www.namastekarnali.com
Namaste Karnali National Daily राष्ट्रिय दैनिक



**सत्यवाणी :**

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता ।  – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## अन्तत : सरकार अध्यादेशबाट पछाडि हट्न बाध्य भयो

नेपालको राजनीतिमा सत्तामा भएका राजनीतिक दलहरुले आफ्नो अनुकूल हुने भए जे पनि गर्न पछि पर्दैनन्। २०७८ सालमा के.पी.ओलीले संसद विघटन गरे पछि सर्वोच्च अदालतको परमादेशबाट शेर बहादुर देउवाको नेतृत्वमा सरकार गठन भयो । त्यति बेला एमालेबाट माधव नेपालको नेतृत्वमा पार्टी विभाजन गरी देउवा नेतृत्वको सरकारमा सहभागी भए । प्रचलित कानून अनुसार पार्टी विभाजन गरी नयाँ पार्टी बनाउँदा बैधानिक हुँनलाई सो पार्टी केन्द्रीय समिति वा संसदीय दलमा ४० प्रतिशत संख्या पुऱ्याउनु पर्ने प्रावधान थियो । तर माधव नेपाल केन्द्रीय समिति र संसदीय दल दुबै तिर कुने मा पनि ४० प्रतिशत संख्या पुग्ने स्थिति नदेखे पछि नेपालकै योजनामा त्यति बेला माधव नेपालको पार्टीलाई वैधानिक बनाउन कुनै दल विभाजन हुँदा उसले केन्द्रीय समिति वा संसदीय दल मध्ये कुनै एकमा २० प्रतिशत पुऱ्याएमा सो दलले बैधानिकता पाउने गरी दल विभाजन सम्बन्धी अध्यादेश सरकारलाई ल्याउन लगाएर माधव नेपालको पार्टी बैधानिक भएको थियो/बनाइएको थियो । त्यति बेला केपी ओली नेतृत्वको एमालेले संसदमा लामो सम्य सम्म त्यस्तो विरोध गरेको पनि थियो । अहिले यति बेला के.पी.आली प्रधानमन्त्री छन् । माधव नेपालको पार्टीमा १० जना मात्र सांसदहरु छन् । त्यो पार्टी राष्ट्रिय दलको मान्यता प्राप्त पार्टी होइन र त्यो पार्टीमा अहिले केही सांसदहरु आफूहरु एमालेमा जाँखा आफ्नो सांसद पद कायम रहने अवस्था भएमा एमालेमा फर्कन खुट्टा उचालेर बसेका छन्। यही मौकामा हो माधव नेपाललाई सकाउने भन्ने दाउ हेरेर बसेका केपी ओलीले दल विभाजनको अध्यदेश ल्याएर नेपालको पार्टी फूटाएर केही सांसदलाई एमालेमा भित्र्याउन चाहेका छन्। त्यसकै निम्ति ओलीले दल विभाजनको अध्यादेश ल्याउने भनी सोमबार बोलाएको मन्त्री परिषदको बैठक देउवाले अध्यादेश ल्याउने कुराको विरोध गरे पछि स्थगित गरे र ओली सरकार अध्यदेश ल्याउने कामबाट देउवाकै कारण पछि हट्न बाध्य भएको छ।

# प्रश्न व्यवस्थामा कि नेतृत्वमा



सागर घले



डुंगा जति नै राम्रो किन नहोस्, माझी सक्षम छैन भने पानीमा डुब्न सक्छ । यस्तै हो देशको शासन व्यवस्था पनि । देशमा जस्तोसुकै व्यवस्था किन नल्याइयोस्, नेतृत्व गलत हातमा पुग्यो भने यो असफल हुन्छ । व्यवस्था र नेतृत्व दुवै स्वार्थविहीन भए मात्र देश र जनताले सफलताको शिखर चुम्न सक्छन् । पछिल्लो समय नेपालमा व्यवस्था र नेतृत्वमाथि कैयौं प्रश्न उठ्ने गरेका छन् । सामाजिक सञ्जालको पोस्टदेखि पोडकास्टसम्ममा यहाँको राजनीतिक अस्थिरता, चरम भ्रष्टाचार, अपरादर्शिता, युवा पलायनलगायतका विषयमा बहस भएको देखिन्छ । जसको मूल कारण नेतृत्व र व्यवस्था हो भन्ने तर्क आउने गरेको छ । इतिहासको पाना पल्टाएर हेर्ने हो भने नेपालले विभिन्न शासन प्रणालीलाई छिचोल्दै आएको पाइन्छ । राणा शासनमा राणाहरूले वंशाणुगत प्रधानमन्त्रीत्व लागू गरे । त्यतिबेलाको निरंकुश शासन प्रणालीले जनतामा व्यापक असन्तुष्टि जगायो र लोकतान्त्रिक सुधारका लागि आह्वान गर्न बाध्य बनायो । तर, पनि देशमा निरन्तर अस्थिरता छाइरह्यो । अल्पकालीन गठबन्धन र शक्ति संघर्षले बारम्बार सरकार परिवर्तन भइरहे । हाम्रा नेताहरूले प्रायः राष्ट्रिय हितभन्दा व्यक्तिगत वा दलगत स्वार्थलाई प्राथमिकता दिए । जसले गर्दा सरकार र नागरिकबीचको सम्बन्धमा खाडल बढ्दै गयो । आम जनताले सधैं देशको राजनीतिक अस्थिरता माथि असन्तुष्टि पोख्ने गर्छन् । देशमा सुशासन हराउँदै छ । भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । बेरोजगारी बढेको छ । राम्राले होइन हाम्राले ठाउँ पाइरहेका छन् । निर्यात घट्दो र आयात बढेको बढ्यै छ।

नेपालमा व्यवस्था बदलिएको छ तर आम जनताको अवस्था बदलिएको छैन । जनताले राज्यप्रति गरेको अपेक्षा पूरा भएको छैन । नेतृत्व गलत हातमा परेको छ । सरकारले गर्नेलाई भन्दा झोलेलाई प्राथमिकता दिन्छ । केही गर्छु भन्ने हुटहुटी भएका युवालाई प्रोत्साहन गर्न छाडेर विदेश धपाउँछ । रेमिटेन्सको भरमा देश चलाउँदा आफ्नो सत्तामाथि प्रश्न नउठोस् या उठिहाले पनि दबाउन सजिलो होस् भन्ने सोच ब्याप्त छ । यही सोचका साथ नेतृत्वले युवालाई यहाँ बस्नयोग्य वातावरण बनाउनै नचाहेको देखिन्छ । यो आजको सबैभन्दा लाजमर्दो यथार्थ हो । नेपालमा धेरै पटक व्यवस्था बदलियो । अब व्यवस्थालाई व्यवस्थित बनाउने नयाँ नेतृत्वको खाँचो छ । नेतृत्वको महत्वपूर्ण पक्ष भनेको संघीय संरचनामा स्थानीय सरकारको भूमिका हो । संघीयता लागू भएसँगै स्थानीय तहले महत्वपूर्ण अधिकार र जिम्मेवारी पाएका छन् । समुदायका विशेष आवश्यकताहरू पूरा गर्ने नीतिहरू कार्यान्वयन गर्न प्रभावकारी स्थानीय नेतृत्व महत्वपूर्ण हुन्छ । स्थानीय जनप्रतिनिधिले आफ्ना निर्वाचन क्षेत्रहरूले सामना गरेका चुनौतीहरू बुझ्दै, उनीहरूले विकासलाई बढावा दिने र जीवनस्तर सुधार गर्ने पहलहरू गर्न सक्छन् । नेपालले भोगिरहेको सबैभन्दा ठूलो समस्य भनेको भ्रष्टाचार हो । यसले नेतृत्वलाई कमजोर बनाउनुका साथै जनताको विश्वासमा पनि कमी ल्याएको छ । स्रोत साधनको दुरुपयोगले देश विकासमा बाधा पुऱ्याएको मात्रै होइन, सरकारको अकुशलता पनि प्रदर्शन गरेको छ । भ्रष्टाचारलाई सम्बोधन गर्न नसक्ने नेताहरूले आफ्नो विश्वसनीयतामा मात्रै असर पारेका छैनन्, सरकारको काम कारबाहीमा पनि बाधा पुऱ्याएका छन् । नेतृत्वमा पारदर्शिता र उत्तर दायित्वको कमीले विद्यमान चुनौतीलाई झनै बढाएको छ । सार्वजनिक छानबिन गर्दै गर्दा बन्द कोठाभित्र नभई सार्वजनिक रूपमा सबैको पहुँच हुने गरी हुनुपर्छ । महत्वपूर्ण पदहरूको नियुक्तिमा नातावाद र पक्षपातले अयोग्य व्यक्तिहरूलाई ठूला ठाउँमा पुऱ्याउँछ । यसले भविष्यमा उनीहरूले गर्ने निर्णयले जनता थिचोमिचोमा पर्न सक्छन् । राजनीतिक नेतृत्वमा समावेशीताको अभाव छ । महिला र जातीय अल्पसंख्यक लगायत सीमान्तकृत समूदायको प्रतिनिधित्व प्रबर्द्धन गर्ने संवैधानिक व्यवस्था भए तापनि निर्णय प्रक्रियामा उनीहरूको सहभागिता अपर्याप्त छ । यसले सबै नागरिकको आवश्यकतालाई प्रतिबिम्बित नगर्ने नीतिहरू निम्त्याएको छ । विश्व राजनीतिमा युवा नेताहरू अधिक प्रगतिशील र आधुनिक मुद्दाहरूसँग जुझिरहेको देख्न सकिन्छ । पुराना नेताहरूलाई बढी अनुभव भए पनि सम्भावित रूपमा वर्तमान प्रवृत्तिहरू सामना गर्ने क्षमतामाथि प्रश्न उठ्ने गरेको पाइन्छ । युवा पुस्ताले परम्परागत मान्यताहरूलाई चुनौती दिँदै र परिवर्तनको बहस गर्दै राजनीतिमा नयाँ दृष्टिकोण र विचारहरू ल्याउँछन् ।

अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्ने हो भने न्युजिल्यान्ड र डेनमार्क जस्ता देशहरू उच्च स्तरको पारदर्शिता, कम भ्रष्टाचार र बलियो शासन संरचनाको लागि परिचित छन् । खुला डाटा पहल, साइबर सुरक्षा कानून, र स्वतन्त्र भ्रष्टाचार विरोधी निकायहरू भएमा नेपाललाई भ्रष्टाचार विरुद्ध लड्न र यसको नेतृत्वभित्र जवाफदेहिता बढाउन मद्दत गर्न सक्छ । उच्च स्तरको पारदर्शिताका लागि परिचित स्विडेन जस्ता देशहरूले सार्वजनिक पहुँचको सिद्धान्त र नीतिहरू लागू गरेका छन् । यसले नागरिकलाई आधिकारिक कागजात र सूचनाहरू पहुँच गर्न सहज बनाउँछ । यो पारदर्शिताले सरकार र जनताबीच जवाफदेहिता र विश्वास बढाउँछ । त्यसैगरी सिंगापुरको भ्रष्टाचार विरुद्धको कडा कारबाहीले गर्दा त्यहाँको राजनीति र प्रशासनले स्थिरताको बाटो अपनाएको पाइन्छ । यसबाहेक, सार्वजनिक सेवाहरूका लागि इ-गभर्नेन्स प्लेटफर्महरू र लेनदेनमा पारदर्शिताका लागि डिजिटल वित्तीय प्रणालीहरू लागू गर्नाले सुव्यवस्था कायम गर्न सकिन्छ । यसले भ्रष्टाचारको अवसरहरूलाई पनि कम गराउँछ । यी प्राविधिक विकासहरूले दक्षतामा मात्र सुधार गर्दैन प्रभावकारी रूपमा सेवाहरू प्रदान गर्ने सरकारको क्षमतामा जनताको विश्वास पनि बढाउँछ । नेपालको राजनीतिक नेतृत्वका समस्याहरू बहुआयामिक छन्, जसमा अस्थिरता, भ्रष्टाचार र अपारदर्शिता AofK 5 . –*अन्नपूर्ण*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरून्त निभाउने गरौं ।
- छाडा चौपायाहरूलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आर.सी.पी. कालीकोट

# एमालेलाई जग्गा दान काण्ड न्यायिक परीक्षणका लागि सर्वोच्चमा

■ नमस्ते समचारदाता

काठमाडौं, कार्तिक/०६

व्यापारी मिनबहादुर गुरुङको दानमा एमालेको पार्टी कार्यालय बनाउने निर्णय विरुद्ध सर्वोच्च अदालतमा पेश भएको रिट दर्ता गर्न इजलासले आदेश दिएको छ । कात्तिक १ गते अधिवक्ताहरु डा. ज्ञान बस्नेत, श्यामकृष्न मास्के र अर्जुन थापाले दानमा पार्टी कार्यालय बनाउने कार्य गम्भिर भ्रष्टाचार जन्य अपराध भएको हुँदा रोक्न माग गर्दै रिट पेश गरे पनि सर्वोच्च प्रशासनले दरपिठ गरेको थियो । तर मंगलबार सो दरपिठ विरुद्ध परेको निवेदनमा सुनुवाइ गर्दै न्यायाधीश तिलप्रसाद श्रेष्ठको इजलासले प्रशासनको दरपिट निर्णय बदर गरेको छ । प्रशासनको निर्णय दबर भएसँगै दानमा एमाले पार्टी कार्यालय बनाउने निर्णयको अब सर्वोच्च अदालतमा न्यायिक परिक्षण हुने भएको छ । गत असोज २५ गते भाटभटेनीका सञ्चालक व्यवसायी मीनबहादुर गुरुङ र उनकी श्रीमती सावित्री गुरुङले काठमाडौँको कीर्तिपुर नगरपालिका २ मैत्रीनगरमा एमाले पार्टी कार्यालयको शिलान्यास गरेका थिए ।



उक्त कार्य गम्भीर भ्रष्ट्राचारजन्य अपराध, राज्यसत्ताको दुरुपयोग, नैतिक र कानुनी अपचलन भन्दै रिटमा सो कार्य रोक्न माग गरिएको छ । सर्वोच्च प्रशासनले रिट पेश भएको र अध्ययनको क्रममा रहेको जनाएको छ । रिटमा राजनीतिक दल, नेता, नेतृत्वहरुले चन्दा उठाउँदा कुनै उपहार, दान र अरु सहयोग लिंदा त्यो खुल्ला पारदर्शी हुनुपर्ने, कारण पुष्टी हुनुपर्ने भए पनि एमाले पार्टी कार्यालय बनाउने विषयमा त्यस्तो नभएको जिकिर गरिएको छ । गुरुङले एमालेका लागि १० रोपनी १४ आना जग्गामा एक वर्षभित्र सुविधा सम्पन्न भवन बनाएर हस्तान्तरण गर्ने घोषणा समेत गरेका थिए ।

# श्रीमतीलाई भान्से राखेर तलब खुवाउँछन् वनमन्त्री चौधरी

■ नमस्ते समचारदाता

धनगढी, कार्तिक/०६





सुदूरपश्चिम प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मणकिशोर चौधरीले भान्सेमा आफ्नै श्रीमतीलाई नियुक्त गरेको पाइएको छ । साउन २२ गते मन्त्री नियुक्त भएका लक्ष्मणकिशोरले आफ्नै श्रीमती सरस्वती चौधरीलाई भान्सेमा नियुक्ति गरेर तलब खुवाइरहेका छन् । नागरिक उन्मुक्ति पार्टीको तर्फबाट कैलाली निर्वाचन क्षेत्र नम्बर १ को १ बाट निर्वाचित लक्ष्मणकिशोर यसअघि छोटो समयका लागि सामाजिक विकासमन्त्री पनि बनेका थिए । उनी नागरिक उन्मुक्ति पार्टीका संस्थापक सदस्यसमेत हुन् । यता, मन्त्री लक्ष्मणकिशोर चौधरीले भान्सेका रुपमा एक जना मुक्तकम्लरी राखेको तर आफ्नो स्वास्थ्य अवस्था जटिल रहेकाले श्रीमतीले खाना पकाउने गरेको दावी गरेका छन् । 'म लामो समयदेखि विरामी छु, चिल्लो, पिरो खान मिल्दैन, श्रीमतीलाई मेरो स्वास्थ्य र खानाका बारेमा थाहा छ। मलाई श्रीमतीले खाना पकाउँछिन् अरुलाई भान्सेले। उनी किड्नीको बिरामीसमेत हुन्,' उनले भने । उनले यसो दावी गरेपनि मन्त्रालय स्रोतका अनुसार उनले आफ्नो श्रीमतीलाई भान्सेमा नियुक्ति गरेर तलबसमेत खुवाइसकेका छन् । यीनै मन्त्री लक्ष्मण किशोरले मन्त्रालयका एक जना कार्यालय सहयोगीलाई आफ्नो घरमा निजी काममा समेत लगाएको आरोप छ। मन्त्रालय स्रोतका अनुसार मन्त्री लक्ष्मण किशोरले मन्त्रालयका कार्यालय सहयोगीलाई घरेलु काममा लगाइरहेका छन् ।

## कर्णाली...

यहाँ एक कोभिड अस्पताल, एक सेकेण्डरी अस्पताल, एक जनरल अस्पताल, एक प्राथमिक अस्पताल र चार नीजि क्षेत्रबाट सञ्चालन गरेका अस्पतालहरु छन् । ४७ स्वास्थ्य चौकी र तीन वटा प्राथमिक स्वास्थ्य केन्द्रबाट अन्य स्थानीय तहहरुमा स्वास्थ्य सेवा प्रदान गरिएको छ । सात स्थानीय तहहरु रहेको जाजरकोटमा तीन वटा प्राथमिक अस्पताल र ३० वटा स्वास्थ्य चौकीहरु रहेका छन् । त्यस्तै दश वटा स्थानीय तहहरु रहेको दैलेखमा हाल सम्म ४ वटा प्राथमिक अस्पताल सञ्चालनमा छन् भने ५५ वटा स्वास्थ्य चौकीहरु सञ्चालनमा रहेका छन् । त्यस्तै १० स्थानीय तह रहेको सल्यानमा एक जिल्ला अस्पताल, दुई प्राथमिक अस्पतालको र ४४ वटा स्वास्थ्य चौकीहरु रहेका छन् । त्यस्तै ६ वटा स्थानीय तहहरु रहेको रुकुम पश्चिममा एक सामान्य अस्पताल, ४ आधारभूत अस्पताल र ४ वटा निजी अस्पतालहरु रहेका छन् । कर्णाली प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधार ल्याउन प्रदेश सरकारले विभिन्न योजना अघि सारेको छ । सरकारले नसर्ने रोग, कलिलै उमेरमा आमा हुने समस्या र घरमा सुत्केरी हुने दर घटाउने योजना अगाडि सारेको छ । सिङ्गो कर्णालीमा पछिल्लो समय रक्तचाप, मधुमेह, क्यान्सरजस्ता नसर्ने रोगका साथै मानसिक रोगको समस्या बढ्दो छ । कर्णालीका दुर्गम गाउँबस्तीमा मानसिक रोग र नसर्ने रोग बढ्दै गएकाले आगामी दिनमा यी रोग निदानका लागि बजेट र कार्यक्रमसहित योजना सञ्चालन गरिने स्वास्थ्य सेवा निर्देशनालयले जनाएको छरु।कर्णालीमा स्वास्थ्य संस्थामा सुत्केरी हुने दर घटेको छ । गाउँगाउँमा बर्थिङ सेन्टर स्थापना गरिए पनि मापदण्डअनुसारका नभएकाले घरमै सुत्केरी हुने दर केही बढेकाले बर्थिङ सेन्टरलाई मापदण्ड अनुसार बनाउने र दक्षजनशक्ति पूर्ति गर्ने योजना रहेको निर्देशनालयका निर्देशक डा रविन खड्काले जानकारी गराए । स्वास्थ्य निर्देशक डा. खड्काले प्रदेश पूर्ण खोपयुक्त भइसक्दा पनि बालबालिका खोप लगाउनबाट छुटेकाले उनीहरूलाई खोप लगाउन स्थानीय तहलाई आवश्यक समन्वय गरी काम गर्ने निर्णय गरिएको जानकारी दिए। तथ्याङ्क अनुसार विगतका तुलनामा कर्णालीमा ८ प्रतिशतले घरमा सुत्केरी हुने दर बढेको छ । कर्णालीका बालबालिकाका अभिभावक रोजगारका लागि भारततिर जाने हुँदा बालालिकाले पूर्ण खोप लगाउन छुट्ने समस्या बढ्दै गएकाले पूर्ण खोप लगाउन पहल थालिने जनाइएको छ । यस्तै २० वर्ष नपुग्दै आमा हुने प्रवृत्तिले स्वास्थ्य समस्या जटिल बन्दै जाँदा बालविवाह न्यूनीकरणलगायतका कार्यक्रमलाई पनि समन्वयका साथ प्रदेशभरका सबै स्थानीय तहसँग सहकार्य गर्ने योजना रहेको निर्देशनालयले जनाएको छ ।

# फोहोर व्यवस्थापनमा सकस

■ नमस्ते समचारदाता

बाजुरा, कार्तिक/०६

बाजुराको बुढीगङ्गा नगरपालिका-६ स्थित बाम्का बजारको फोहोर व्यवस्थापन कार्यमा निकै सकस भएको छ । बाम्का बजारका अधिकांश व्यापारीले बाम्कानजिकै रहेको पहिरोमा फोहोर फाल्न नछोडेपछि यहाँको बजार व्यवस्थापन समिति तथा स्थानीय सरकारलाई त्यो फोहोर व्यवस्थापन गर्न निकै सकस भएको हो । बाम्का बजारका व्यापारीलाई फोहोर फाल्न अन्य कुनै ठाउँ नभएपछि व्यापारीले प्रतिक्षालय नजिकको पहिरोमा फोहोर फाल्ने गरेको बाम्का बजारका व्यापारी रामचन्द्र गिरीले बताउनुभयो । उहाँले भन्नुभयो, "यहाँका व्यापारीले फोहोर फाल्नका लागि कुनै एक ठाउँमा व्यवस्था गर्नु पर्छ भनेर स्थानीय सरकारसँग कुरा राखेको भए पनि अहिलेसम्म त्यसको कुनै सुनुवाइ भएको छैनरु।" स्थानीय सरकारले फोहोर फाल्ने ठाउँको व्यवस्थापन नगर्दा र यहाँका व्यापारीको लापर्बाहीका कारण बजार दुर्गन्धित भएको छ । व्यापारीलाई आफैंले फालेको फोहोरले आफैंलाई गन्ध लिनु परेको व्यापारी गिरीले बताउनुभयो । २०६७ सालदेखि बुढीगङ्गा नगरपालिका-६, बाम्कामा स्थापना गरिएको यो बजार बाजुराको तल्लो क्षेत्रका बुढीगङ्गा, त्रिवेणी र खप्तड छेडेदह लगायतका स्थानीय तहका हजारौं गाउँबस्तीका लागि आउजाउमा निकै सहज हुने गरेको छ । बाजुराको डाब, मालिका, रिठा, बेतालमाण्डौ, फालासैन, ताँप्रिसेरा, बल्दे र तिपाडाका बजारभन्दा यो बजारमा सुपथ मूल्यमा



सामान पाउने भएकाले अधिकांश ग्राहकको यो बजार रोजाइमा पर्ने गरेको छ । बजारमुनि पहिरो जाने डर र बजारमाथि केही ठाउँ नभएकाले यो बजार आफैंमा अव्यवस्थित देखिन्छ । यो बजार व्यवस्थापन गर्नका लागि केही वर्ष पहिला प्रमुख जिल्ला अधिकारीसहित सरोकारवाला टोली बजार अनुगमनमा आएको थियो तर पनि यो बजार अहिलेसम्म कतै सार्न सकिएको छैनरु। यहाँ अहिले झन्डै एक सयभन्दा बढी व्यापारीले पसल गरिरहेका छन् । त्रिवेणी बुढीगङ्गा र खप्तड छेडेदह गाउँपालिकाको मुख्य बजारका रूपमा रहेको बाम्का बजारका व्यापारीले अन्त कतै सर्न मन गरेका छैनन् । यहाँको स्थानीय सरकारले यो बजार सार्नुभन्दा पनि बरु यहाँको फोहोर व्यवस्थापन गर्ने कामलाई चाँडोभन्दा चाँडो व्यवस्थापन गरिदिनुपर्ने बाम्का बजारका व्यापारीको भनाइ छ । स्थानीय सरकारबाट फोहोर फाल्नका लागि कतै ठाउँको व्यवस्था नहुँदा फोहोर व्यवस्थापनमा समस्या भएको बाम्का बजार व्यवस्थापन समितिका अध्यक्ष दीपक साउँदले बताउनुभयो । उहाँले भन्नुभयो, "बजारको तलमाथि वरिपरि सबै वन क्षेत्र छ । व्यापारीलाई फोहोर फाल्न कतै ठाउँ छैन । फोहोर व्यवस्थापन गर्नका लागि स्थानीय सरकारले केही विकल्पको खोजी दिनुपर्ने हो, त्यो हुन सकेको छैन ।" स्थानीय सरकारले बाम्का बजारको फोहोर व्यवस्थापन गर्नका लागि धेरै पटक बजार व्यवस्थापन समितिले परामर्श लिएको भए पनि यहाँका केही व्यापारी नमानेपछि त्यो कुरा सफल नभएको बुढीगङ्गा नगरपालिका-६ का वडाध्यक्ष हेमराज जोशीले बताउनुभयो । उहाँले भन्नुभयो, "योभन्दा पहिला बजार व्यवस्थापनका लागि एक ठाउँमा ठुलो खाल्डो बनाइदिएको हो तर त्यहाँ कोही व्यापारी फोहोर फाल्न गएनन् ।" "यहाँको फोहोर व्यवस्थापन कार्यमा यो वर्ष पालिकाले झन्डै ३५ लाख रुपियाँ विनियोजन गरेको छ । त्यसको प्रक्रिया लामो भएकाले केही समय लाग्छ । अहिले त्योभन्दा चाँडो यहाँका व्यापारीले माने भने झन्डै तीन किलोमिटरको दुरीमा फोहोर फाल्ने खाल्डो निर्माण गर्छौं । फोहोर उठाउन गाडी यतै आउँछ तर त्यो गाडीको तेल खर्चका लागि भने यहाँका व्यापारीले रुपियाँ तिर्नु पर्छ," जोशीले बताउनुभयो ।

## कारबाहीको...

उहाँसँग रहनुभएकी अर्का एक १५ बर्षिया बालिकालाई पनि प्रहरी कार्यालयमा राखेका छौं,' घटनाको अनुसन्धान प्रहरीले गरिरहेको छ, 'यो घटनालाई प्रहरीले गम्भिर रुपमा लिएको छ । सिआइबीको टोलीलेसमेत घटनाको अनुसन्धान गरिरहेको छ ।' प्रहरीले घटनाको अनुसन्धान अघि बढाए पनि अझैसम्म संलग्न व्यक्तिको पहिचान गर्न नसकेपछि जनआक्रोस बढ्दै गएको छ । प्रहरीले घटनामा संलग्न व्यक्तिको पहिचान गरेर सार्वजनिक नगर्दा सम्म संघर्ष जारी राख्ने पीडित पक्षले चेतवनी दिइएका छन् । राप्ती उद्योग बाणिज्य संघका अध्यक्ष तथा संघर्ष समितिका संयोजक सुरज खड्काले भने, 'प्रहरी कार्यालयसँग निरन्तर छलफल गरिरहेका छौं । तर, प्रहरीले अझैं सम्म संलग्न व्यक्ति पहिचान गर्न नसक्नु दुःखको कुरा हो । बालिकाको न्यायको लागि हामीले सार्वजनिक रुपमा दवाव सृजना गर्न थालेका छौं तर के कारणले हो अझैं सम्म संलग्न व्यक्तिको पहिचान गर्न नसक्नु ?



# राम्रो गर्ने कोसिस हुन्छ, नराम्रो हुन दिन्न : मुख्यमन्त्री कँडेल

नमस्ते समाचारदाता
सुर्खेत, कार्तिक/०६



कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले आफ्नो कार्यकालमा राम्रो कामको लागि प्रयास गर्ने, नसकिएमा नराम्रो हुन नदिने बताउनुभएको छ । मङ्गलबार नेकपा एमाले रुकुमपश्चिमको कार्यालयमा आयोजित पार्टीको जिल्ला कमिटी बैठकलाई सम्बोधन गर्नुहुँदै मुख्यमन्त्री कँडेलले आफूले पारदर्शी, भेदभावरहित र विधिको विकास चाहेको उल्लेख गर्नुहुँदै गलत बाटोबाट फाइदा लिनेहरुलाई किनारा लगाएरै छोड्ने बताउनुभयो । एमाले पोलिटब्युरो सदस्य समेत रहनुभएका कँडेलले शान्ति प्रक्रियापछि निरन्तर सरकारमा रहेको नेकपा माओवादी केन्द्र अहिले सडकमा पुगेको र उसले सत्ता र शक्तिको हतियार गुमाएपछि छटपटी सुरु हुन थालेको बताउनुभयो । ०८४ सम्म वर्तमान सत्ता गठबन्धन जाने र त्यतिन्जेल माओवादीको अवस्था नाजुक बन्ने उहाँले उल्लेख गर्नुभयो । स्थानीय तहदेखि केन्द्रसम्म माओवादीले नेतृत्व गरेको यस जिल्लामा अनुदानको दुरुपयोग, विकासका योजना अलपत्र, कृषि र सहकारीको अनुदान लथालिङ्ग भएको उल्लेख गर्नुहुँदै उहाँले माओवादीले रुकुममा गरेको भेदभाव, पक्षपात, हिनामिना अब नटिक्ने दाबी गर्नुभयो । बैठकमा उहाँले दल बलियो बनाएर मात्र विकास र निर्माणको मुद्दा उठाउन तर्फ लाग्नुपर्ने समेत जनाउनुभयो । राजनीतिक अवस्था बदलिएको बताउनुहुँदै उहाँले अब जनताको अवस्था बदल्ने जिम्मेवारी एमालेकै काँधमा आएको बताउनुभयो । उहाँले जनताको बिचमा गएर कुरा राख्न सुरु गरेमा पार्टी निर्माणको आधार बन्ने बताउनुभयो । नेपाली कांग्रेससँगको सत्ता सहकार्यबारे उहाँले आवश्यकताको उपज भएको बताउनुभयो । उहाँले भन्नुभयो, “सिद्धान्त, विचार र गन्तव्य मिलेर नेपाली कांग्रेससँग सहकार्य भएको हैन । तर ऐतिहासिक अवस्थाहरूमा विगतमा मिलेर परिवर्तन ल्याएका उदाहरण छन् । “अस्थिर सरकारको कारण जनतामा उत्पन्न भएको निराशालाई आशामा परिणत गर्न, अस्थिरतालाई स्थिरतामा लैजान, अर्थतन्त्र सुदृढ गर्न, विकास र निर्माणको काम अगाडि बढाउन कांग्रेससँग सहकार्य भएको उहाँले स्पष्ट पार्नुभयो । उहाँले हिरासतमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रबी लामिछाने लगायतका राजनीतिक ज्योतिष कहलिनेहरूले सककार ढल्ने फगत कुरा ओकल्ने गरेको जनाउनुभयो । उहाँले कमजोरको सहारा एकता मात्रै भएकोले पार्टीभित्र आन्तरिक एकता आवश्यक रहेको बताउनुभयो । पदमा भए पनि नभए पनि जनता र कार्यकर्ताले नेता मान्ने आधार बनाउनुपर्ने उहाँको भनाइ छ ।

# आदिवासीको संस्कृति जोगाउन महोत्सव

नमस्ते समाचारदाता
नेपालगन्ज, कार्तिक/०६




नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् बाँकेले बाँकेको नेपालगन्जमा महोत्सव सञ्चालन गर्ने भएको छ । महासङ्घले आइतबार नेपालगन्जको बौद्ध गुम्बामा पत्रकार सम्मेलन गरेर उक्त कुराको जानकारी दिएको हो । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् बाँकेका अध्यक्ष डम्बरबहादुर थापा मगरले आदिवासी जनजातिका परम्परागत रीतिरिवाज, चाल चलन, कला, संस्कृति, वेशभूषा हराउँदै जान थालेपछि यसलाई संरक्षण गर्ने उद्देश्य सहित नेपालगन्जमा महोत्सव आयोजना गर्न लागिएको जानकारी दिनुभयो । 'विश्वभरि फैलिएका हामी जनजाति हामी आदिवासी, जोगाई राखौं वेशभूषा, भाषा, संस्कृति' भन्ने मूल नारासहित महोत्सव हुन लागेको हो । कात्तिक २९ गतेदेखि मङ्सिर १८ गतेसम्म नेपालगन्जमा 'प्रथम कृषि, पर्यटन प्रवर्धन, व्यापारिक संरक्षण तथा सांस्कृतिक महोत्सव एक्स्पो २०८१' सञ्चालन गर्न लागिएको अध्यक्ष थापामगरले जानकारी दिनुभयो । कला तथा संस्कृति संरक्षणसहित संस्थाको भवन निर्माण सहयोगार्थ सञ्चालन गर्न लागिएको महोत्सवमा जाति, जनजाति, कला, संस्कृति संरक्षणका साथै राष्ट्रिय ख्यातिप्राप्त कलाकारले मनोरञ्जन समेत प्रदान गर्ने उहाँले बताउनुभयो । अध्यक्ष थापामगरका अनुसार औद्योगिक तथा व्यापारिकसहित महोत्सवमा २५० स्टल रहने छन् । महोत्सवभर आदिवासी जनजातिका कला, संस्कृतिसम्बन्धी पौराणिक कला जातिय वेशभूषाको प्रदर्शन गरिने, कृषि पर्यटन हस्तकला सहितका स्टल राखिने, लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा रहेका धार्मिक तथा पर्यटकीय स्टल प्रदर्शनी गरिने तथा जातीय खाना प्रदर्शनी गरिने पनि अध्यक्ष थापामगरले जानकारी दिनुभयो ।

# चालकले आफै पैसा उठाएर खुलाए अवरुद्ध सडक

नमस्ते समाचारदाता
हुम्ला, कार्तिक/०६



कर्णाली करिडोर अन्तर्गत हुम्लाको खच्चा क्षेत्रमा अवरुद्ध भएको सडक सुचारु भएको छ । सडक अवरुद्ध भएपछि रोकिएका सवारीसाधनका चालकहरु आफैले रकम संकलन गरेर अवरुद्ध सडक खुलाएका हुन् । पहिरोले सडक अवरुद्ध भएपछि चार दिनदेखि सवारीसाधन रोकिएका थिए । खच्चमा १३ वटा मालबाहक ट्रक र दुई वटा ट्याक्टर रोकिएका थिए । चालकहरुले जनही पाँच हजार रुपैयाँ उठाएर अवरुद्ध बाटो खुलाउन स्काभेटर ल्याएको चालक चुणामणि थारुले बताए । उक्त क्षेत्रमा पहिरोले पटक-पटक सडक अवरुद्ध हुने गरेको छ । सो सडकखण्ड हुम्ला पर्ने भए पनि सडक विभागको बाजुरा जिल्लामा रहेको कार्यालयले हेर्दै आएको छ । विभागसँग समन्वय गरेर सडकको मर्मत कार्य अगाडि बढाउने प्रयास गरिए पनि मर्मत हुन सकेको थिएन ।

# कोहलपुर र कैलालीमा प्लाष्टिकका फूलगुच्छा प्रतिबन्ध

नमस्ते समाचारदाता
कोहलपुर, कार्तिक/०६



बाँकेको कोहलपुर नगरपालिकाले प्लाष्टिकका फूलगुच्छा तथा मालाको प्रयोगमा रोक लगाएको छ । कोहलपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर गिरीले सूचना जारी गर्दै नगर क्षेत्रमा प्लाष्टिकका मालाको प्रयोगलाई निरुत्साहित गर्न प्लाष्टिकका फूलगुच्छा तथा मालाको प्रयोगमा प्रतिबन्ध लगाइएको जानकारी दिए । तिहार, छठ लगायतका चाडपर्वमा प्लाष्टिकका फूलगुच्छा तथा मालाको प्रयोगले वातावरणलाई प्रदूषित पार्ने र मानव स्वास्थ्यलाई समेत प्रतिकूल असर पार्ने भएकाले प्लाष्टिकका फूलगुच्छा तथा मालाको प्रयोग नगर्न प्रमुख प्रशासकीय अधिकृत गिरीले आग्रह गरेका छन् । प्लाष्टिकका फूलगुच्छा तथा मालाको प्रयोगले स्थानीय किसानबाट उत्पादन भएको फूलले समेत बजार नपाउने तथा रकम बाहिरिनेजस्ता समस्या देखिने गरेको उनले उल्लेख गरे । प्रशासकीय अधिकृत गिरीले कोहलपुर नगरपालिकासहितका स्थानीय किसानले उत्पादन गरेका फूलको प्रयोग गर्न अनुरोध गर्दै कोहलपुर बजारमा व्यापारीलाई समेत प्लाष्टिकका फूलगुच्छा तथा मालाको बेचबिखन गर्न रोक लगाइएको बताएका छन् । तिहारमा अधिकांशले यस क्षेत्रमा भारतबाट ल्याएका प्लाष्टिकका फूलका माला प्रयोग गर्ने गर्छन् । कोहलपुर नगरपालिकाका विभिन्न स्थानमा स्थानीय किसानले उत्पादन गरेको सयपत्री, गोदावरी, मखमलीलगायत फूल उत्पादन भएकाले त्यसको प्रयोग गर्न नगरवासीलाई आग्रह गरिएको प्रशासकीय अधिकृत गिरीको भनाइ छ । वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०७६ को दफा १५ को उपदफा ६ ले दिएको अधिकार प्रयोगगरी नेपालभर प्लाष्टिकजन्य उत्पादन, आयात, बिक्री वितरण वा भण्डारण गर्न पूर्ण रूपमा रोक लगाउने सरकारले निर्णय गरेको थियो । कैलालीको टीकापुर नगरपालिकाले तिहारका समयमा प्लाष्टिकजन्य फूलमाला प्रयोग नगर्न अनुरोध गरेको छ । सूचना जारी गर्दै नगरपालिकाले स्वदेशी फूलका मालालाई प्रोत्साहन गर्न भन्दै प्लाष्टिकजन्य फूलमाला प्रयोग निषेध गरेको हो । प्लाष्टिकका मालाले स्थानीय पुष्प व्यवसायी घाटामा गएका र वातावरणका हिसाबले पनि उपयुक्त नहुने जनाउँदै प्लाष्टिकका माला निषेध गरेको हो । सूचनामा पालिकाभित्र प्लाष्टिकजन्य फूलका माला प्रयोगमा रोक लगाएकाले त्यसको प्रयोग नगर्न तथा नगराउन आग्रह गरिएको छ । प्रमुख प्रशासकिय अधिकृत दमनसिंह चौधरीले आउँदै गरेको दिपावली तथा छठपर्वमा टीकापुरभित्र कसैले प्लाष्टिकजन्य फूलका माला बिक्री बितरण गरेको पाइएमा कारबाही गर्ने जानकारी दिए । नगरपालिकाले प्लाष्टिकका माला बिक्रीमा रोक लगाएपछि स्थानीय पुष्प व्यवसायी भने खुसी भएका छन् । कैलालीमा दर्जन बढी किसान पुष्प व्यवसायमा लागेका छन् । गत वर्ष कैलालीका बजार प्लाष्टिकका मालाले ढाकेपछि पुष्प व्यवसायीका फूल बारीमै सडेका थिए । कतिपयव्यवसायीले पालिकाले नसघाएको भन्दै बजार क्षेत्रमा फूलका माला छरेका थिए ।' गत वर्ष हामीले धेरै घाटा बेहोर्यौं, तयार भएमा माला बिक्री भएनन्', पुष्प व्यवसायी छत्र मल्लले भने, 'पालिकाले निर्णय गरेको छ । कार्यान्वयन पनि गर्नुपर्छ । देशैभरि प्लाष्टिकका माला निषेध गरेमा पुष्प व्यवसायी मर्कामा पर्दैनन् ।' उपभोक्ता रविना विष्ट बजार प्लाष्टिकका मालाले ढाक्दा व्यवसायीलाई घाटा भइरहेको बताउँछन् ।

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पतिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पलाँता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पलाँता, कालीकोट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके